# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा

## एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।०९।०९)

**आदरणीय शेयरधनी महानुभावहरु ,**

यस कम्पनीको मिति २०७५/०९/०८ मा बसेको सञ्चालक समितिको ८०३ औं बैठकको निर्णय अनुसार कम्पनीको एघारौं वार्षिक साधारण सभा देहायको विषयहरूमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय तथा स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७५ साल पौष महिना ३० गते सोमबार (तदनुसार १४, जनवरी २०१९)

सभा सुरु हुने समय : दिनको ३ :०० बजे

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लव, टुंडिखेल, काठमाडौं ।

**छलफलका विषयहरू:**

**क) सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७४/७५ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७४/७५ को नाफा नोक्सान हिसाब,सोही अवधिको नगद प्रवाह विवरण तथा अन्य अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने ।

३. श्री महालेखा परिक्षकको कार्यालयको परामर्श तथा कम्पनीको लेखा परीक्षण समितिको सिफारिश बमोजिम आ. व. २०७५/७६ को लागि कम्पनीको लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत कम्पनीको आ. व. २०७४/७५ को मुनाफा रकम मध्येबाट प्रति शेयर रु. ५५/- (पचपन्न रुपैयाँ) का दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**ख) विविध प्रस्ताव :**

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव

**कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी :**

१. कम्पनीको ११औं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०७५ साल पौष १५ गतेदेखि मिति २०७५ साल पौष ३० गतेसम्म कम्पनीको शेयर दाखिल खारेजको काम बन्द गरिने छ। मिति २०७५ पौष १२ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई पौष १९ गते सम्ममा कम्पनीको शेयर रजिस्टर्डको किताबमा कायम शेयरधनीहरूले मात्र सो सभामा भाग लिन तथा लाभांश पाउनेछन्।

२. वार्षिक साधारण सभामा भाग लिन उपस्थित हुने शेयरधनीहरुले आफ्नो परिचय खुल्ने प्रमाण (कागजात) वा शेयर प्रमाणपत्र वा शेयरधनीहरुको BOID Statement अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध गरिन्छ।

३. शेयरधनी महानुभावहरूको सुविधाको लागि सभा हुने दिन शेयरधनी उपस्थिती पुस्तिका सभा चालु रहेसम्म खुल्ला रहनेछ।

४. साधारण सभामा भाग लिन सम्बन्धित शेयरधनी आफै उपस्थित हुन नसक्ने भए प्रोक्सी (प्रतिनिधि) नियुक्त गर्न सकिनेछ र सो सम्बन्धी प्रोक्सी फाराम साधारण सभा सुरु हुने दिन भन्दा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाण्डौमा बुझाई सक्नुपर्नेछ।

५. शेयरधनी महानुभावहरूको ठेगानामा पठाइने कम्पनीको एघारौं वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको वेभसाइट www.ntc.net.np मा पनि हेर्न सकिनेछ। कुनै कारणवस प्रतिवेदन प्राप्त गर्न नसक्नु भएका शेयरधनी महानुभावहरूले यस कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाण्डौंबाट आफ्नो परिचय खुल्ने कागजात पेश गरी लिन सक्नु हुनेछ।

६. नाबालक वा विक्षीप्त शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयरधनीहरुको लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिइनेछ।

७. विविध शीर्षक अन्तर्गत छलफल गर्न चाहने शेयरधनीले सभा हुनु भन्दा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिवालय, भद्रकालीप्लाजा काठमाण्डौंमा लिखित जानकारी दिनु पर्नेछ। त्यसरी जानकारी नदिएको विषय उपर प्रश्न गर्न सकिने छैन।

८. शेयरधनी महानुभावहरूले व्यक्त गर्नु भएको मन्तव्य वा प्रश्नहरूका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिक रुपले जवाफ दिइनेछ।

९. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू साधारण सभास्थलमा आउँदा झोला, पोका जस्ता वस्तुहरू नलिई आउनु हुन अनुरोध गरिन्छ। सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ।

---

नोटः मिति २०७५/०९/०९ मा प्रथम पटक प्रकाशित सुचनाको मिति शिर्षकमा सोमबार हुनु पर्नेमा अन्यथा भएकोले सच्चाईएको छ।